# चितुवाको संरक्षण गरौ ! स्वस्थ पर्यावरणको सुनिश्चित गरौ !!

# CONSERVE LEOPARDS! ENSURE HEALTHY ECOSYSTEM!!

## चितुवा संरक्षण किन आवश्यक छ ?

- पर्यावरणीय सन्तुलन कायम गर्न; चितुवा स्वच्छ वातावरणको परिसूचक हो.
- जंगली बँदेल, मृग, खरायो जस्ता जनावरहरुको जनसंख्या नियन्त्रण गरी तिनबाट हुने बाली-नाली क्षति घटाउन
- जैविक विविधता कायम गर्दै वन जंगलको पर्यावरणीय महत्व वृद्धि गरी पर्यापर्यटन प्रवर्द्धन गर्न



## चितुवा संरक्षणका चुनौतीहरु के के छन ?

- वासस्थान विनाश र खण्डीकरण
- चितुवालाई मारी तिनको छाला लगायतका अंग-प्रत्यंगको अवैध व्यापार र ओसारपसार
- प्राकृतिक आहाराको कमी
- चितुवाबाट घरपालुवा जनावर र मानिस माथि हुने आक्रमण स्वरुप सृजित मानव-चितुवा द्वन्द
- घरपालुवा जनावर र मानिस माथि चितुवाले गर्ने आक्रमणको प्रतिशोध स्वरुप चितुवा मारिनु
- चितुवाको पर्यावरणीय महत्वको बारेमा जनचेतनाको कमी
- संरक्षण गर्ने निकायहरुबीच आपसी समन्वय र समझदारीको कमी



## चितुवा संरक्षणमा हामीले कसरी योगदान गर्न सक्छौ ?

- चितुवा संरक्षणको जनचेतना मुलक सन्देश प्रचार प्रसार गरेर
- शंकास्पद व्यक्ति र तिनको क्रियाकलाप माथि निगरानी र नजिकको निकुञ्ज/आरक्ष/वन/प्रहरी कार्यालयमा खबर गरेर
- स्थानीय स्तरका चोरी शिकारी नियन्त्रण समुह, इको क्लब, सिमसार क्लब आदिमा सहभागी भएर
- कुनै घर, स्कुल आदिमा चितुवा देखिएमा तुरुन्त नजिकको निकुञ्ज/आरक्ष/वन/प्रहरी कार्यालयमा खबर गरेर
- चितुवा उद्धारको क्रममा हो-हल्ला गर्ने, घेर्ने, हान्ने, दुर्व्यवहार गर्ने जस्ता काम नगर्ने र उद्धारमा सहयोग गरेर
- निकुञ्ज/आरक्ष/वन कार्यालय र संरक्षण सम्बन्धी संघ संस्थाबाट सञ्चालित संरक्षण मुलक कार्यक्रममा सहभागी भएर
- चितुवाका अंग वा सो बाट बनेका कुनै पनि सर सामानहरु खरिद, बिक्री नगर्ने, नगराउने कार्य गरेर

The Rufford Foundation
www.rufford.org